# गोदावरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

अत्तरिया, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

## सटर भाडामा लिन दरभाउ पेश गर्ने सम्बन्धी ७ (सात) दिने सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०४/२० गते**

यस गोदावरी नगरपालिका वडा नं ५ को वडा कार्यालयको हाताभित्र पर्ने कार्यालयको गेट देखि पुर्वतर्फका क्रमशः सटरहरु १,३,६,९,१०,११ र १२ नं गरी जम्मा ७ वटा खाली सटरहरु भाडामा लगाउने गरी मिति २०८२/८/१४ गतेको १३५ औं कार्यपालिका बैठकको निर्णय बमोजिम बढाबढको ठेक्का प्रक्रियाद्वारा तपसिलको ठेक्का सम्बन्धी कार्यशर्तहरु बमोजिम सम्झौता भएको भाडामा लिनका लागि ईच्छुक व्यक्ति/कम्पनी/फर्म/व्यवसायीहरुले यस नगरपालिकामा तोकिएको म्याद भित्र पेश भएका सिलबन्दी दरभाउ पत्र रित पुर्वक पेश हुन नआएको र ३ नं. सटरको पनि दरभाउ सूचना प्रकाशन गर्नु पर्ने भएकाले यो सूचना प्रकाशन भएको मितिले ७(सात) दिन भित्र मिति २०८३/०४/२६ गते सम्म पुनः दरभाउ पेश गर्ने गरि तेस्रो पटक सूचना प्रकाशन गरिएको छ।

**भाडा सम्बन्धी शर्तहरुः**

१.कार्यपालिका बैठकबाट कायम गरिएको न्युनतम भाडा भन्दा कम भाडामा दररेट पेश गरेमा प्रस्ताव अस्वीकृत गरिनेछ। साथै दररेट असामान्य लागेमा कार्यपालिका बैठकले फेरबदल समेत गर्न सक्नेछ ।

२.बिजुली बत्ती, पानीको बिल भाडावाला आफैले व्यहोर्नु पर्नेछ।

३.सामान्य मर्मत करिब ५,०००।– (पाँच हजार) सम्मको खर्च लाग्ने भए भाडावाला आफैले व्यहोर्नु पर्नेछ।

४.कबोल रकम अङ्क र अक्षरमा प्रष्ट गरी लेखिएको हुनुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

५.दरभाउपत्र सम्बन्धी कागजातहरु रु. १,०००/- (एक हजार) राजश्व शाखामा नगदै बुझाई खरिद गर्न सकिनेछ ।

६.दरभाउपत्र पेश गर्दा कबोल अङ्कको वार्षिक रकमको ५% (पाँच) बराबरको रकम यस कार्यालयको धरौटी खाता नं. ७१४१४९८६२२५२४००१ NIC Asia Bank, Attariya Branch जम्मा गरेको रसिद, नागरिकता प्रमाणपत्रको प्रतिलिपी सहित शिलबन्दी खाममा लाहछाप लगाई ७ औं दिनको कार्यालय समय भित्र खरिद र पेश गर्न सकिनेछ । सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन कार्यालय समयभित्र खरिद र पेश गर्नुपर्नेछ । कार्यालयमा म्याद भित्र पेश भएका दरभाउपत्रहरु ८ औं दिनको २ बजे पछि खोलिनेछ ।

७. दरभाउपत्र पेश गर्दा सटर नम्बर अनिवार्य खुलाउनु पर्नेछ। त्यसरी प्राप्त दरभाउबाट प्रत्येक सटरहरुको लागि पर्न आएका दरभाउपत्रकाबीच मात्र प्रतिस्पर्धा हुने गरि छुट्टा छुट्टै प्रतिस्पर्धा गराई सटर उपलब्ध गराईनेछ।

८.सम्झौता गर्दाका बखत न्यूनतम ६ (छ) महिनाको भाडा वापतको रकम धरौटीको रुपमा यस नगरपालिकाको धरौटी खाता नं. ७१४१४९८६२२५२४००१ NIC Asia Bank, Attariya Branch मा जम्मा गर्नुपर्नेछ ।

९.यस सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित ऐन, कानून बमोजिम हुनेछ ।

| क्र.सं. | विवरण अथवा कार्यक्रमको नाम | न्यूनतम मासिक रकम (रु.) | न्यूनतम धरौटी रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | सटर भाडा | ३,०००/- (तिन हजार) | कबोल अङ्कले हुन आउने वार्षिक भाडाको ५ प्रतिशत रकम | |

१०.दरभाउ पत्र बुझाउने स्थानः गोदावरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, अत्तरिया कैलालीको राजश्व शाखा। थप जानकारी लागी कार्यालयको राजश्व शाखा वा ९८५८४८२१७६ मा सम्पर्क गर्न सकिनेछ।

धर्मराज विनाडी
प्रमुख प्रशासकीय अधिकृत